# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड १०, संख्याः ९, भाद्र १५ गते, २०८३ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली (तेस्रो संशोधन), २०८३

नगर कार्यपालिकाबाट पारित मिति : २०८३।५।८

व्यास नगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम नगर कार्यपालिकाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | नियमावलीको नियम ३ (१) प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । | प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनुसारको कर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।<br>तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा |

| क.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| | तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा नगर कार्यपालिकाले निर्णय गरी बढीमा ५ वर्षसम्मको लागि एकै पटक बहुवर्षीय ठेक्का बन्दोबस्त गर्न गराउन सक्नेछ ।<br><br>स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि “आन्तरिक आय” भन्नाले नेपालको संविधानको अनुसूची ८ र सङ्घीय तथा प्रदेश कानुनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफनो क्षेत्रभित्र सङ्कलन गर्न पाउने आय सम्झनुपर्छ । | पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा नगर कार्यपालिकाले निर्णय गरी नदीजन्य पदार्थ बाहेकको आय-ठेक्कामा ठेक्का सम्झौता मितिदेखि १२ महिना कामय गरी ठेक्का बन्दोबस्त गर्न गराउन सकिनेछ ।<br><br>स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि “आन्तरिक आय” भन्नाले नेपालको संविधानको अनुसूची ८ र सङ्घीय तथा प्रदेश कानुनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफनो क्षेत्रभित्र सङ्कलन गर्न पाउने आय सम्झनुपर्छ । |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत